


**Population:**
100,200 (2000)
123,400 (2010)
152,000 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 200

## संक्षेप:

**अन्य नामहरू:** Choni, Chona, Chone, Jone, Cone, Choni Tibetan, Zhuoni Tibetan, Sangemao, Sangemao Tibetans

**जनसंख्या:**
चीन : १,५०,००० (PeopleGroups.org)

**उपभाषाहरू:** २ (Nongqu, Hebian)

**तिब्बती बुद्ध धर्म:** ९५%

**इसाई धर्म:** ०.२%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन




करिब १,५०,००० जना चोनी जातिका मानिसहरू चीनको कन्सु प्रान्तको दक्षिण–पश्चिमी भागमा भएको लिन्थन र चोनी जिल्लाहरूमा साथै त्यहाँबाट पूर्वमा खन्नान स्वायत्त शासन अञ्चलमा भएको पावा भू–भागमा बसोबास गर्छन्। शिचुआन प्रान्तको उत्तरी भागमा पनि चोनीहरू थोरै सङ्ख्यामा छन्। ताहू नदी चोनी जिल्ला हुँदै बग्दछ।




सन् १९२८ मा जोसेप रकले चोनी तिब्बतीहरू भएको कुरालाई पत्ता लगाउनुभयो। उहाँले यसरी लेख्नुभयो: “३० करोड चिनियाँहरू जसरी नै मैले पनि चोनी जातिको बारेमा पहिले केही जानेको थिएन। चीन सरकारले यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।

चोनी भू–भागमा विगतको आफ्नो सम्पन्नताको समयमा १७२ वटा कोठा र ३,८०० जना लामाहरू रहने एउटा ठूलो बुद्ध मन्दिर थियो। यिनीहरूको घरहरूले यिनीहरूको भक्तिको साक्षी दिन्छन्, स्वागत कोठाको दाहिनेपट्टि पूजाको लागि छुट्याइएको एउटा भागमा रेसम लुगाले बनाएर हातमा धनु र तीर भएको एउटा मूर्ति र धर्मग्रन्थहरू र पूजाको लागि आवश्यक पर्ने चिजहरू राखेको हुन्छ।

सन् १९२२ मा एउटा मिशनको प्रतिवेदनले यसरी बताएको थियो: 'चोनीको राजकुमारले ४८ वटा कुलहरूलाई शासन गर्नुहुन्छ; यो राजकुमार मिलनसार स्वभावको भएकोले हामीले सबै कुलहरूको बीचमा सजिलैसँग जान सकिन्छ। उहाँले हामीलाई सुरक्षा दिनुहुन्छ..... सेवा गर्ने मानिसहरू पाएको खण्डमा हामी भएको ठाउँदेखि पश्चिमतिर अगाडि बढ्न सकिन्छ।' आजको समयहरूमा करिब २०० जना चोनी इसाईहरू चोनी जिल्लाको उत्तर पश्चिम भागमा रहेको लिन्थन जिल्लामा छन्। कन्सु प्रान्तको पहिलो स्थानीय मण्डली सन् १९९७ मा बनिएको थियो। 'एक जना स्त्रीले आफ्नो कपाल बेचेर र अर्को परिवारले आफ्नो टेलिभिजनलाई बेचेर मण्डली बनाउन सहायता गर्नुभयो।'